Regd. No. 146570/072/073

UNION HYDROPOWER LIMITED

Lalitpur-3, Dhobighat, Phone No.: 01-5425406

Email: unionhppl@gmail.com, Website : www.unionhydropower.com.np

च.नं : ९५/२०८२/०८३

मिति : २०/१२/२०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

बिषय : विशेष साधारण सभा गरिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८२/१२/२० गते को दिन दिउँसको ३ बजे बसेको बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधाण सभा मिति २०८३/०१/०६ (तदनुसार अप्रिल १९,२०२६) को दिन बिहान ११:०० बजे बोलाईएको ब्यहोरा अनुरोध छ । विशेष साधारण सभा गर्ने प्रयोजनको लागी मिति २०८२/१२/२६ गते एक दिनका लागी शेयर दाखिला खारेज बन्द रहने ब्यहोरा समेत अनुरोध छ । विशेष साधारण सभाको सुचना यसै पत्रका साथ संग्लग्न गरि पठाइएको कुरा जानकारीका लागी अनुरोध छ ।

**छलफलका विषयहरु :**

**विशेष प्रस्ताव**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी नाम परिवर्तन तथा उद्देश्य थप गर्ने सम्बन्धमा ।

२. कम्पनीको हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धमा ।

३. अख्तियारी दिने सम्बन्धमा ।

४. विविध ।

UNION HYDROPOWER LIMITED * Lalitpur

भवदिय,

..................

हरि वंश भण्डारी
कम्पनी सचिव

बोधार्थ :

१. श्री नेपाल स्टक एक्सेन्ज लिमिटेड सिंहदरवार प्लाजा, काठमाण्डौ ।

# युनियन हाइड्रोपावर लिमिटेड
# Union Hydropower Limited
Lalitpur-3, Dhobighat, Tel : 01-5425406
E-mail : unionhppl@gmail.com, Web : www.unionhydropower.com.np


## विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८२/१२/२१ गते**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०८२/१२/२० को निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रम :**

**मिति :** २०८३ साल वैशाख ०६ गते आइतबार (तदनुसार अप्रिल १९, २०२६)

**समय :** बिहान ११:०० बजे

**स्थान :** सिद्धार्थ कटेज, ललितपुर-३, धोबिघाटमा भौतिक तथा विद्युतिय माध्यम Virtual (Zoom App) मार्फत एक साथ सभा संचालन गरिनेछ ।

**छलफलका विषयहरु :**

**विशेष प्रस्ताव**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी नाम परिवर्तन तथा उद्देश्य थप गर्ने सम्बन्धमा ।
२. कम्पनीको हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धमा ।
३. अख्तियारी दिने सम्बन्धमा ।
४. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**अन्य जानकारीहरु :**

१. कम्पनीले प्रविधिको अधिकतम प्रयोग गरी धेरै भन्दा धेरै शेयरधनी महानुभावहरुलाई देशका विभिन्न स्थान र विदेशवाट समेत विशेष साधारण सभामा उपस्थिति जनाउने तथा कम्पनीको वारेमा अधिकतम जानकारी लिई कम्पनीको स्तर उन्नतीको लागी शेयरधनीवाट अधिकतम सुझाव लिई कम्पनीको प्रगतीको लागी थप उर्जा थप्नका लागी दुवै माध्यमलाई प्रयोग गर्ने निर्णय भएकाले सोही वमोजिम भर्चुअल माध्यमबाट भएको उपस्थितीलाई अभिलेख गराउन चाहने शेयरधनी महानुभावले विशेष साधारण सभा हुनु भन्दा तिन दिन अगावै देखी कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी कापीमा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछि भर्चुअल माध्यमबाट उपस्थित हुन सक्नु हुनेछ ।
२. विशेष साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।
३. विशेष साधारण सभामा प्रवेशका लागि आफ्नो परिचय खुल्ने प्रमाण कागज वा DEMAT Account Statement लिई आउनु हुन अनुरोध छ ।
४. भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थिति सभा हलमा उपस्थित भए सरह मान्यता दिइने छ र निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।
५. Meeting ID र Password को निमित्त कम्पनीको इमेल unionhppl@gmail.com मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा पनि जानकारी गराउँदछौ । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान Verification गरि ID र Password समयमै पठाउन आई पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगाबै ID र Password लिन समेत अनुरोध छ ।
६. भर्चुअल माध्यमबाट आफ्नो मन्तब्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक इमेल unionhppl@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनु हुन अनुरोध छ ।
७. विशेष साधारण सभा गर्ने प्रयोजनाको लागि कम्पनीको शेयर दर्ता किताव (शेयर दाखिल खारेज) मिति २०८२/१२/२६ गते एक दिनका लागी बन्द रहने छ । साथै शेयरधनी दर्ता किताब बन्द हुने मिति २०८२/१२/२६ गते भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको विशेष साधारण सभामा भाग लिन पाउनेछन् ।
८. विशेष साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचा अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधिपत्र भरी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधिले सो प्रोक्सी काठमाण्डौ, नयाँ बानेश्वर स्थित शेयर रजिष्ट्रार लक्ष्मी सन्राइज क्यापिटल लि. बाट प्रमाणित गराई सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीमा दर्ता गर्नुपर्नेछ । सो समयावधी नघाई प्राप्त हुन आएको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।
९. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
१०. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव विशेष साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
११. विशेष साधारण सभा सम्वन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ललितपुर-३, धोबीघाटमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.unionhydropower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।